भगवतीमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बेस्तडा, दैलेख

कर्णाली प्रदेश, नेपाल

## बोलपत्र आव्हानको सूचना

### प्रथम पटक प्रकाशित मितिः२०७९/०६/०४ गते

१. यस कार्यालयको आर्थिक बर्ष २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायमा उल्लेखित निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त इच्छुक निर्माण व्यवसायिहरुबाट निम्न सर्तहरुको अधिनमा रहि रित पूर्वकको E-Bid मार्फत बोलपत्र आह्वान गरिन्छ ।

२. सूचना प्रकाशित भएको मितिले ३०औं दिन (२०७९/०७/०२ गते) भित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्यअभिवृद्धि कर तथा दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ सम्म करचुक्ता प्रमाणपत्र , अन्य ठेक्का सम्बन्धी कागजात सहितको प्रमाणित प्रतिलिपीहरु संलग्न साथ तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी ) बुझाई बिद्युतिय संचारको माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double Portal (www.ppmo.gov.np) मा गई बोलपत्र फारम डाउनलोड गरि E-biding द्वारा बोलपत्र दाखिला गर्नुपर्नेछ ।

३. बोलपत्रको प्रत्यक पानामा सहिछाप गरी देहाय बमोजिमको कार्यको लागि निम्नानुसारको धरौटी रकम वापत बोलपत्र साथ कम्तिमा ४ महिना ( १२०) दिन म्याद भएको जमानी पत्र (बिड वण्ड) वा यस कार्यालयको नाममा प्रभु बैंक भगवतीमाई शाखामा रहेको धरौटी खाता नं. ग ३.१. १५१०१०९३२८८०००४१ धरौटी वापतको रकम जम्मा गरेको बैंक भौचर Scan Copy समेत बोलपत्र साथ पेश गरी E-biding द्वारा दर्ता गर्नु पर्नेछ । थप जानकारीको लागि आवश्यक भएमा कार्यालय समयमा यस कार्यालयको पूर्वाधार शाखामा सम्पर्क राख्न सकिनेछ । बोलपत्र साथ तल तोकिएको बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको प्रभु बैंकको शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग १.१. १५१०१०९३२८८०००९१ मा जम्मा गरेको बैंक भौचरको Scan copy समेत बोलपत्र साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएपछी आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा बढी घटेमा घटी कवोल अंकको ५० प्रतिशत मा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा घटीमा सम्झौता म्याद समाप्त हुने मितिले १३ महिना (३९०) दिन म्याद भएको कार्य सम्पादन बैङ्क जमानिपत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७९/०७/०३ ) दिनको १२:०० बजे भित्र E-Biding द्वारा बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोहि समय भित्र खरिद र दाखिला गर्न सकिन्छ ।

५. दर्ता भएका बोलपत्र ३१ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६. बोलपत्रको दररेट आइटममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. संयुक्त उर्यक्रम (Joint Venture) को रुपमा बोलपत्र खरिद वा दाखिला गर्दा बढीमा ३ वटा फर्महरुको एउटा संयकुत उपक्रम बनाई बोलपत्र खरिद वा दाखिला गर्न सकिने छ । तर यस्तो संयुक्त उपक्रममा सबै फर्महरुको प्रमाण पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्बन्धी सक्कलै सम्झौता बोलपत्र साथ पेश गर्नुपर्नेछ । यसरी संयुक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मुख्य साझेदारहरुको हिस्सा ४० प्रतिशत वा सो भन्दा बढी हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै बोलपत्र खरिद र दाखिला गर्न पाइनेछैन ।

८. बोलपत्रदाताले E-Bidding बाट एक पटक पेश भएका बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-Bidding प्रकियाबाटै गर्नुपर्नेछ ।

९. E-Bidding मार्फत बोलपत्र पेश गर्न बोलपत्रदाताहरुको कार्यालयबाट बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातको सक्कल प्रति (Hard copy) माग भएमा यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

१०. बोलपत्र पेश गर्ने निर्माण व्यवसायीले लेटर अफ बिड अनिवार्य रुपमा भर्नु पर्नेछ र आफु यो काम गर्न योग्य छु भनि स्वःघोषणा पत्रको साथै चालु आ.व. मा ५ वटा भन्दा बढी ठेक्का कार्यमा संलग्न नरहेको व्यहोरा समेतको स्वःघोषण पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

११. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र भगवतीमाई गाउँपालिका सार्वजनिक खरिद नियमावली २०७८, तथा अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१३. अन्य कुरा बुझ्नुपरेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ । ( सम्पर्कको लागि मोबाइल नं.९८५८०२०७९९/९८५८०२०८९९)

| क्र.सं . | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम(भ्याट र कन्टीजेन्सी वाहेक) | बोलपत्र फारम दस्तुर रु | जमानत रकम रु |
|---|---|---|---|---|---|
| १ | BRM/WS/NCB/05/079/80 | साइमेला-पुर्ग्याँ-रातामाटा खानेपानी तथा सरसफाइ आयोजना निर्माण (स्किम १) वडा नं. ३ | ६०३५३१९। | ३०००। | १९००००। |
| २ | BRM/WS/NCB/06/079/80 | सहडे- जुकेपानी- पहरापानी मन्घर खानेपानी तथा सरसफाई आयोजना निर्माण (स्किम १) वडा नं. ४ | ८५२५०८८। | ३०००। | २६००००। |
| ३ | BRM/WS/NCB/07/079/080 | अडेरी पाल्त मुलपानी खानेपानी तथा सरसंफाई आयोजना निर्माण कार्य (स्किम १) वडा नं. ७ | ८५३४१४७। | ३०००। | २६००००। |

प्रमुख प्रशासकीय अधिकृत